# आयआर्जन वृद्धी कार्यक्रम सञ्चालन गर्न बीउ पूँजी उपलब्ध गराउने सम्वन्धी कार्यविधि,२०७७

**प्रस्तावना:** जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते, अपाङ्गता भएका र शहिद परिवारका व्यक्तिहरुको आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०७७।११।२८ को निर्णयानुसार स्वीकृत कार्यक्रम प्रभावकारी तथा पारदर्शी ढंगले कार्यान्वयन गर्न बाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आयआर्जन वृद्धी कार्यक्रम सञ्चालन गर्न बीउँ पूँजी उपलब्ध गराउने कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्विकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आयआर्जनजन्य क्रियाकलाप"** भन्नाले खेती व्यवसाय, पशुपालन, बीउँ उत्पादन, कृषि तथा पशुपन्छीजन्य वस्तुको बजारीकरण, प्रारम्भिक कृषि प्रशोधन र मूल्य अभिबृद्धि, बाली संरक्षण सम्बन्धी क्रियाकलाप, सिलाई कटाई, तथा अन्य साना व्यवसायलाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते अपाङ्ग, शहिद परिवारका सदस्यहरुका लागि संचालित आयआर्जन वृद्धि कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय वा कृषि विकास कार्यालय सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(ङ) **"लक्षित वर्ग"** भन्नाले यस कार्यविधि अनुरुप कर्णाली प्रदेश स्थायी ठेगाना हुने जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते अपाङ्गता भएका, शहिद परिवार र वेपत्ता भएका व्यक्ति सम्झनु पर्छ।

(च) **"समूह"** भन्नाले लक्षित वर्ग भित्रका ब्यक्तिहरु मिलि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा दर्ता भएको समूहलाई सम्झनु पर्छ ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्रमुख सचिव

३. <u>कार्यक्रम सञ्चालन गर्न सकिने क्रियाकलापहरुः</u> (१) समूहमा प्राप्त बिउ पूँजी मार्फत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सदस्यहरुले एक प्रतिशत व्याजमा समूहको बिउ पूँजी कोषबाट आलोपालो सापटी लिई सञ्चालन हुनेछन्ः-

(क) बालीहरु (तरकारी, फलफुल, मौरी, च्याउ, मसलाबाली र उच्च मूल्यका बालीहरु आदि),

(ख) पशुपालन (कुखुरा, बाख्रा र भेडा, सुगुर /बंगुर, गाइ, भैसी, माछा, तथा विशिष्ट प्रजातिका पशुपन्छीहरु),

(ग) बीउ उत्पादन व्यवसाय,

(घ) कृषि तथा पशुजन्य वस्तुको बिक्री गर्ने व्यवसाय,

(ङ) अन्य सीपमूलक व्यवसाय ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलापहरुका अतिरिक्त समूहले आवश्यकता अनुसार बिउ पूँजी कोषमा जम्मा रकमको पाँच प्रतिशत रकम विनियोजन गरी सीप विकास तालिम सञ्चालन गर्न सक्नेछ ।

४. <u>सूचना प्रकाशन</u>: (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न सम्बन्धित कार्यालयले निवेदन मागका लागि तीस दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजमिको सूचना सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि सरकारी कार्यालयमा टाँस गरी स्थानीय एफएमबाट समेत प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचना प्रकाशन भएमा सम्वन्धित वर्गले बिउ पूँजी कोषमा जम्मा अनुदान रकम मागको लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदनमा अनुसूची-२ बमोजिमको प्रतिबद्धता पत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

५. <u>छनौटको न्यूनतम मापदण्ड</u> : (१) यस कार्यविधि बमोजिम प्रस्ताव पेश गर्ने अनुदानग्राही देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क) प्रत्येक नगरपालिका वा गाँउपालिकामा लक्षित वर्गभित्रका सबैलाई समेट्ने गरी एउटामात्रै समूह बनाउनु पर्ने।

(ख) घाईते, अपाङ्ग, वेपत्ता, शहिद परिवार सदस्यहरुको लक्षित वर्गको पहिचान खुल्ने प्रमाणपत्र वा प्रमाणपत्र नभएको खण्डमा सम्बन्धित नगरपालिका वा गाँउपालिका वा वडाको सिफारिस वा सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यको सिफारिस ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको समूहले समुहलाई सहकारी संस्थामा परिणत गरी समेत व्यवसायिक कार्यमा विकास गर्न सक्नेछन ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम सिफारिस गर्दा सम्बन्धित व्यक्तिको दाँया/बाँया औंलाको सहिछाप, दस्तखत र सम्पर्क नम्बर सहितको एकमुष्ट विवरण समेत पेश गर्नु पर्नेछ ।



डा. राजेन्द्र प्रसाद मिश्र

प्रमुख सचिव

६. <u>अनुदानग्राहीको छनौटः</u> (१) प्राप्त निवेदनहरु छानवीन गरी बीउ पूँजि दिने निर्णय भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यबिधि, २०७७ को छनौट समितिले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएका अनुदानग्राहीसँग कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

७. <u>अनुदान रकमको सिमा</u> : (१) यस कार्यविधि बमोजिम प्रक्रिया तथा मापदण्ड पुरा भएका समूहलाई समूहको खातामा परिचयपत्र/सिफारिस हुने घाईते अपाङ्ग तथा शहिद परिवारका सदस्यहरुका लागि प्रति व्यक्ति तीस हजारका दरले हुन आउने एकमुष्ट रकम उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) बमोजिम प्रति व्यक्ति तीस हजारका दरले हुन आउने रकम स्वीकृत बजेटको सिमाभन्दा बढी हुने देखिएमा यस कार्यविधि बमोजिम न्यूनतम मापदण्ड पुगेका सदस्यहरुको संख्या अनुसार दामासाहीले हुन आउने रकम समूहको खातामा जम्मा गरिनेछ ।

(३) स्वीकृत बजेट तीस हजारका दरले हुन आउने जम्मा रकम भन्दा बढी भएमा बाँकी रकम समेत समूहले सञ्चालन गर्ने सीप विकासका अन्य क्रियाकलापको लागि समूहमा अनुदान स्वरुप भुक्तानी दिन सकिनेछ ।

८. <u>भूक्तानी प्रक्रियाः</u> अनुदानग्राहीले अनुदान रकम बीउ पूँजीको रुपमा समूहमा भुक्तानी माग गर्दा देहायका कागजातहरु पेश गर्नु पर्नेछ :-

(क) बिउ पूँजी उपलब्ध गराई दिन समुहले पेश गरेको निवेदन,

(ख) समूह दर्ता प्रमाणपत्र र स्वीकृत विधानको प्रतिलिपि,

(ग) बिउ पूँजी माग गर्ने समूहका पदाधिकारीको निर्णय,

(घ) समूहको कोष परिचालनको स्वीकृत निर्देशिका/विस्तृत योजना,

(ङ) माग गरिएको बिउ पूँजीको दश प्रतिशतले हुन आउने रकम समूहको खातामा जम्मा भएको बैंक भौचर/बैक स्टेटमेन्ट,

(च) समूहका सदस्यको दफा ५ बमोजिम मापदण्ड पुगेको कागजात,

(छ) बीउ पूँजी भुक्तानीको लागि सम्बन्धित नगरपालिका वा गाँउपालिका वा सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यको सिफारिस,

(ज) बीउ पूँजी उपलब्ध गराउने विषयमा छनौट समितिले गरेको निर्णय ।

९. <u>अनुगमन मूल्याङ्कनः</u> (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्नका लागि सम्बन्धित कार्यालयमा कार्यरत एक जना प्राविधिकलाई कार्यक्रम सम्पर्क व्यक्ति तोक्नु पर्नेछ ।

(२) समूहले हरेक ६/६ महिनामा र असार मसान्तमा बार्षिक रुपमा बीउ पूँजी सञ्चालनको अवस्था बारे विस्तृत प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।



डा. राजेन्द्र प्रसाद मिश्र
प्रमुख सचिव

(३) कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/कार्यालयले वा सम्बन्धित नगरपालिका वा गाँउपालिकाले आवश्यक्ता अनुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

१०. <u>अनुदान रकमको दुरुपयोग गर्न नहुने</u> : यस कार्यविधि बमोजिम प्राप्त बीउ पूँजी रकमको दुरुपयोग भए वा गरेमा समूह वा समूहका सदस्यबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

११. <u>बाधा अडकाउ फुकाउन सक्ने</u>ः यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा अडकाउ आइपरेमा मन्त्रालयले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

कर्णाली प्रदेश ... भूमि व्यवस्था, कृषि तथा ... मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्रमुख सचिव

अनुसूची-१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

आयआर्जन वृद्धि कार्यक्रम सञ्चालन गर्न बीउ पूँजी मागको लागि

**निवेदनको ढाँचा**

मितिः ..................................

**विषयः आयआर्जन वृद्धि कार्यक्रम सञ्चालन गर्न बीउ पूँजी रकम उपलब्ध गराई पाउँ ।**

श्रीमान् .....................................................ज्यू

.................................................................... ।

महोदय,

हाम्रो निम्न लिखित नाम, ठेगाना भएको समूह ........................................................ मा दर्ता भै जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते अपाङ्ग तथा शहिद परिवारका सदस्यहरुका लागि आयआर्जन वृद्धि कार्यक्रम सञ्चालन गर्ने कार्यविधि अनुसारको आवश्यक कागजपत्र यसै साथ सलग्न राखी बीउ पूँजी रकम उपलब्ध गराई दिन हुन यो निबेदन पेश गरेको छु ।

निवेदकः

समूहको नामः

ठेगानाः

समूह प्रतिनिधिको नामः

पदः

सम्पर्क नम्बरः

दस्तखतः

संस्थाको छापः

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्रमुख सचिव

अनुसूची -२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**प्रतिबद्धता पत्रको ढाँचा**

कृषि विकास निर्देशनालय/कृषि विकास कार्यालय ...................................... को मिति ................................ को सूचना अनुसार ................................................... कार्यक्रममा सहभागिताको लागि ईच्छुक भएको र न्यूनतम मापदण्ड पुरा गरि आवश्यक कागजात सहित आवेदन पेश गरेका छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्यविधिमा भए अनुसारको क्रियाकलाप गर्ने प्रयोजनमा बीउ पूँजी रकम स्ववृद्धि हुनेगरि पारदर्शी तरिकाले सञ्चालन गर्नेछौं र निरन्तरता दिनेछौं कार्यविधि अनुसारको कार्यहरु नगरेमा वा बीउ पूँजीको दुरुपयोग गरेमा अनुदान प्राप्त रकम प्रचलित ब्याज सहित फिर्ता गर्न प्रतिबद्धता ब्यक्त गर्दछौं । अन्यथा प्रचलित कानून बमोजिम सुहुला बुझाउँला ।

**आवेदकको तर्फबाटः**

नामः

पदः

समूहको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखत

मितिः

समूहको छापः

| दाँया | बाँया |
| --- | --- |
| | |

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्रमुख सचिव

अनुसूची- ३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

सम्झौताको नमुना

आयआर्जन वृद्धि कार्यक्रम सञ्चालन गर्न बीउ पूँजी रकम परिचालन सम्बन्धी सम्झौता पत्र ।

यो सम्झौता पत्र .................. कार्यालय (यस पछी प्रथम पक्ष भनिने) र ....................................समुह, .............ठेगाना (यस पछी दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु पालना गर्ने मन्जुरी भै दुई पक्ष बीच सम्झौता गरी एक/एक प्रति लियौं/दियौं ।

तपसिलः

१. यो सम्झौता भएको मिति ........................ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न कार्य यथाशिघ्र कार्य सुरु गरेर आवश्यक प्रतिवेदन दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२. दोस्रो पक्षले जम्मा बीउ पूँजी अनुदानको दश प्रतिशत रकम खातामा जम्मा गरि अन्य आवश्यक कागजात संलग्न राखी बीउ पूँजी मागको निवेदन दिए पश्चात प्रथम पक्षले दोस्रो पक्षलाई आयआर्जनजन्य क्रियाकलापको लागि बीउ पूँजी वापत जम्मा रु ............... ( अक्षरुपी ..................................... मात्र) उपलब्ध गराउनेछ ।

३. यस सम्झौता बमोजिमको आयआर्जन सम्बन्धि सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाईने छैन र कार्यविधिमा उल्लेख भएका क्रियाकलापमा मात्र बीउ पूजी परिचालन गर्नु पर्नेछ ।समुहले आफ्नो पूँजी, श्रम र ऋण समेत परिचालन गरि बीउ पूँजी वृद्धि गर्न सक्नेछ ।

४. दोस्रो पक्षले विउ पूँजी कुनै पनि शर्तमा मास्न पाउने छैन र यदि सो गरेको पाइएमा प्रचलित कानून बमोजिम सदस्यहरुको घरघरानाबाट सरकारी बाकी सरह असुल उपर गरिने छ ।

५. दोस्रो पक्षले पहिलो पक्षलाई हरेक ६/६ महिनामा र बार्षिक रुपमा बीउ पूँजी सञ्चालनको विस्तृत विवरण पेश गर्नुपर्नेछ ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्रमुख सचिव

६. प्रथम पक्षले प्रभावकारी कार्यक्रम सञ्चालनको लागि अनुगमन गर्नेछ र सो अनुगमनको सल्लाह/सुझाव निर्देशनलाई दोस्रो पक्षले पालना गर्नु पर्नेछ ।

७. दोस्रो पक्षले कार्यक्रम सञ्चालन सम्बन्धि सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ ।

८. सम्झौतामा कुनै दृविधा भएमा दुवै पक्षको आपसी समझदारीमा समाधान गरिनेछ तर अन्तिम निर्णय प्रथम पक्षको हुनेछ ।

९. सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

**दोस्रो पक्षको तर्फबाटः**

हस्ताक्षर

नामः ............................................................

पदः ...................................

कार्यालयः ............................................................

कार्यालयको छापः

रोहोबरः

हस्ताक्षर

नामः .............................................

पदः ................................

कार्यालयः..............................................................

**प्रथम पक्षको तर्फबाटः**

हस्ताक्षर

नामः ....................................................

ठेगानाः

.....................................................

पदः .......................................

सम्पर्क नम्बरः

रोहोबरः

हस्ताक्षर

नामः ........................................

ठेगानाः ...........................................

ईति संवत २०........ साल ................. महिना ......... गते रोज ..... शुभम् ।

कर्णाली प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्रमुख सचिव